# साझेदारी सडक निर्माण सम्बन्धी कार्यविधी, २०७५

**प्रदेश सरकार**

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**गण्डकी प्रदेश, पोखरा**

## साझेदारी सडक निर्माण सम्बन्धी कार्यविधी, २०७५

**प्रस्तावना:** गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक बर्ष २०७५/०७६ को बार्षिक कार्यक्रममा समावेश भए बमोजिम प्रदेश र स्थानीय तहको सहलगानीमा सझेदारी सडक निर्माण सम्बन्धि कार्य गर्न गराउन बाञ्छनीय भएको हुनाले गण्डकी प्रदेश सरकारको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ अनुसार यस कार्यविधी जारी गरिएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१.<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**

1) यस कार्यविधीको नाम "साझेदारी सडक निर्माण सम्बन्धी कार्यविधी, २०७५" रहेको छ ।
2) यो कार्यविधी गण्डकी प्रदेशभर लागु हुनेछ ।
3) यो कार्यविधी सम्बन्धित स्थानीय तह भित्र पर्ने सडकहरुको सन्दर्भमा लागु हुनेछ ।
4) यो कार्यविधी प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा ..

क) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

ख) "साझेदारी सडक" भन्नाले गण्डकी प्रदेश भित्रका स्थानीय तह र गण्डकी प्रदेश सरकारको सहलगानीमा निर्माण हुने र एकै स्थानीय तहमा पर्ने सडक सम्झनु पर्छ ।

ग) "सार्वजनिक खरिद कानून" भन्नाले गण्डकी प्रदेशमा लागु रहेको केन्द्रको सार्वजनिक खरिद ऐन वा नियमावली सम्झनुपर्दछ ।

घ) "अन्तर्गतका निकाय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका यातायात पूर्वाधार निर्देशनालय तथा पूर्वाधार विकास कार्यालय लाई जनाउँदछ ।

ङ) "स्थानीय तह" भन्नाले संविधान बमोजिम गठित गाउपालिका र नगरपालिका सम्झनुपर्दछ ।

**३. <u>सडक क्षेत्रधिकार</u>**

1) सडक क्षेत्राधिकार को सुनिश्चितता सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ।
2) उपदफा (१) बमोजिमको सुनिश्चतता देहायको मापदण्ड अनुसार हुनुपर्नेछ ।

क) गाउँपालिका अन्तर्गतका सडकहरुको हकमा कम्तीमा १५ मिटर,

ख) नगरपालिका अन्तर्गतका सडकहरुको हकमा सम्बन्धित नगरपालिकाले तोकेको सडक क्षेत्राधिकार सम्बन्धि मापदण्ड अनुसार हुनुपर्ने ।

**४.<u>सहलगानी सम्बन्धमाः-</u>** साझेदारी सडक निर्माणमा मन्त्रालय र स्थानीय तह दुवै निकायले बजेट विनियोजन गर्नेछ र कुल बजेटमा मन्त्रालयको अंश बढीमा ७० प्रतिशत हुनेछ तथा स्थानीय तहको अंश कम्तीमा ३० प्रतिशत हुनेछ ।

**५.<u>लागत अनुमान</u>**

1) साझेदारी सडक निर्माणको लागि आवश्यक ड्रइङ डिजाइन, लागत अनुमान र स्पेशिफिकेशन सहितको विस्तृत परियोजना प्रतिवेदन सम्बन्धित स्थानीय तहबाट हुनेछ ।
2) ड्रइङ डिजाइन, लागत अनुमान र स्पेशिफिकेशन स्वीकृत पूर्व मन्त्रालय वा अन्तर्गतका निकायबाट सहमति लिनुपर्नेछ ।
3) सडक निर्माणको लागत अनुमानमा संरचना निर्माण कार्यको भार कम्तीमा कूल लागतको ५० प्रतिशत हुनु पर्नेछ ।

   **स्पष्टिकरणः** यस उपदफाको प्रयोजनको लागि संरचना निर्माण कार्य भन्नाले पक्की नाली, म्यासनरी पर्खाल, ग्याभियन पर्खाल, आरसिसि पर्खाल, ग्रावेल, पिच, आरसिसि पेभमेन्ट, आरसिसि कज वे, कल्भर्ट लगायतका पक्की संरचना सम्झनु पर्दछ ।

**६. <u>आयोजना कार्यान्वयन सम्वन्धी व्यवस्था</u>**

1) यस कार्यविधि र प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम स्थानीय तहले बोलपत्र आह्ववान वा उपभोक्ता समितिवाट आयोजना कार्यान्वयन गर्न सक्नेछ ।
2) क. मूल्यांकन गरिएको विलमा संरचना निर्माण कार्यको मूल्यांकन अंश कम्तिमा ५० प्रतिशत हुनुपर्नेछ । ५० प्रतिशत नभएमा मन्त्रालयले दिने रकम जति प्रतिशत कम भएको छ त्यतिनै कम हुनेछ ।

   ख. अगाडिको विलहरुमा संरचना निर्माणको अंश कम्तिमा ५० प्रतिशत नपुगेको कारण मन्त्रालयबाट भुक्तानी भएको रकम कम भएको तर पछिको बिलमा सो बिल सम्मको कार्यहरुमा पचास प्रतिशत पुगेको पाइएमा पहिला बाँकी रहेको रकम पनि मन्त्रालय वा अन्तर्गतको निकायले भुक्तानी दिनेछ ।
3) निर्माण कार्य एक आर्थिक बर्ष भित्र सम्पन्न गर्नुपर्नेछ। उक्त समयभित्र कार्य सम्पन्न नभएमा मन्त्रालयले बाँकी कामको आर्थिक दायित्व बहन गर्नेछैन ।

**७.<u>भुक्तानी प्रक्रिया</u>**

1) मन्त्रालयले दफा ८ को उपदफा २ बमोजिमको आफ्नो दायित्वको रकम विलको अनुपातको आधारमा बढिमा ३ पटकमा उपलब्ध गराउनेछ ।
2) स्थानीय तहले निर्माण व्यवसायी वा उपभोक्ता समितिसँग सम्झौता भइसकेपछि सो सम्झौता मन्त्रालय वा अन्तर्गतका निकायमा पठाउनुपर्नेछ ।
3) रकम उपलब्ध गराउनको लागि स्थानीय तहले भूक्तानी गरिएको वा भूक्तानीको लागि प्रमाणीत बिलको प्रतिलिपी सहित रकम माग गर्नुपर्नेछ ।
4) रकम दिनु भन्दा अगाडि मन्त्रालय वा अन्तर्गतका निकायले निर्माण कार्यको अनुगमन गर्न सक्नेछ ।
5) स्थानीय तहले रकम माग गरेको मितिबाट १५ दिन भित्र मन्त्रालय वा अन्तर्गतका निकायले रकम उपलब्ध गराउनुपर्नेछ ।
6) स्थानीय तहले रकमको लागि असार १५ गते भन्दा अगाडि नै माग गरि सक्नुपर्नेछ ।

**८.निर्माण सहजिकरण समिति**

१) साझेदारी सडक निर्माण गर्दा आइपरेका समस्या समाधान गर्नका लागि एक निर्माण सहजिकरण समिति गठन गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिमको निर्माण सहजिकरण समितिमा निम्न पदाधिकारीहरु रहने छन् ।

क) सम्बन्धीत गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको एक जना कार्यपालिकाको सदस्य- संयोजक

ख) सम्बन्धीत वडाको वडाध्यक्ष - सदस्य

ग) गाउपालिकाको प्राविधिक शाखा प्रमुख -सदस्य

**९.सुपरिवेक्षण:-** साझेदारी सडक निर्माण कार्य, सुपरभिजन र मूल्यांकन सम्बन्धी कार्य स्थानीय तहले गर्नेछ ।

**१०.अनुगमन र मूल्यांकन :-** साझेदारी सडक निर्माण कार्यको अनुगमन र मूल्यांकन मन्त्रालय वा अन्तर्गतका निकायबाट हुनेछ ।

**११. रेखदेख तथा मर्मत संभारः-** साझेदारी सडक निर्माणको रेखदेख, मर्मत तथा सम्भार सम्बन्धित स्थानीय तहबाट हुनेछ ।

**१२. थपघट तथा हेरफेर:-**यो कार्यविधी आवश्यकता अनुसार मन्त्रालयले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउ :-**यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।